प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## विशेष मौका (आंशिक) परीक्षाको आवेदन फाराम भर्ने सम्वन्धी
## अत्यन्त जरुरी सूचना

(सुचना प्रकाशित मिति २०८२।०८।२४ गते)

यस परिषद्का आंगिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा शैक्षिक सत्र २०७३/०७४ र २०७४/०७५ (२०१६ र २०१७ इ.सं) मा रजिष्ट्रेशन कायम भएका डिप्लोमा तहका सेमेष्टर परीक्षा प्रणाली अन्तर्गतका प्रथम बर्ष प्रथम खण्ड/दोश्रो खण्ड, दोश्रो बर्ष प्रथम खण्ड/दोश्रो खण्ड, तेश्रो बर्ष प्रथम खण्ड/दोश्रो खण्ड तथा बार्षिक परीक्षा प्रणाली अन्तर्गतका बिभिन्न कार्यक्रमहरुको प्रथम, दोश्रो र तेश्रो वर्षको अन्तिम परीक्षामा अनुत्तीर्ण भएका एवं प्रि-डिप्लोमा तहको हकमा शैक्षिक शत्र २०७५/०७६ र २०७६/०७७ (२०७५ देखि २०७६ साल सम्म/२०१८ र २०१९ इ.सं) मा रजिष्ट्रेशन कायम भई पाठ्यक्रमले निर्धारण गरेको समयावधि भित्र परीक्षा दिई अनुत्तीर्ण भएका विद्यार्थीहरुको **विशेष मौका (आंशिक) परीक्षा** २०८३ जेष्ठ महिनामा काठमाण्डौ उपत्यकामा संचालन हुने भएकोले सम्वन्धित शिक्षण संस्थाहरुले अनिवार्य रुपमा विद्यार्थीहरुबाट परीक्षा आवेदन फाराम भराई मिति २०८२।१०।१५ देखि मिति २०८२।१०।२९ सम्म नियमित दस्तुरमा र मिति २०८२।११।०१ देखि मिति २०८२।११।०७ सम्ममा बिलम्ब दस्तुरमा ITMS Online Entry गरी परिषद्का सम्बन्धित प्रदेश कार्यालयहरुमा बुझाउनु हुन परीक्षा समितिको मिति २०८२।०८।१५ गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। **साथै निम्न शर्तहरु पूरा नभएका र तोकिएको समयभित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।**

**शर्तहरु :**

१. डिप्लोमा/प्रमाणपत्र तहको परीक्षार्थीको हकमा एक सैद्धान्तिक वा प्रयोगात्मक विषयको लागि परीक्षा शुल्क रु. ३००।- र प्रत्येक थप सैद्धान्तिक वा प्रयोगात्मक विषयको लागि रु. १५०।- का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्बर दस्तुर बुझाउनु पर्नेछ।

२. प्रि-डिप्लोमा तहको परीक्षार्थीको हकमा एक सैद्धान्तिक वा प्रयोगात्मक विषयको लागि परीक्षा शुल्क रु. २००।- र प्रत्येक थप सैद्धान्तिक वा प्रयोगात्मक विषयको लागि रु. १५०।- का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्बर दस्तुर बुझाउनु पर्नेछ।

३. परीक्षा आवेदन फारामसाथ **समष्टीगत फारामको प्रमाणित** Printed Copy एक प्रति प्रदेश कार्यालयमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

४. आन्तरिक मूल्यांकन परीक्षामा उत्तीर्ण परीक्षार्थीहरु मात्र अन्तिम परीक्षामा सामेल हुन पाउने छन। आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण **(NQ)** परीक्षार्थीहरुले अनुत्तीर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो परीक्षा स्वत: रद्द हुने छ। परीक्षार्थीहरुको आन्तरिक मूल्यांकनको प्रमाणित Printed Copy **एक प्रति** अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।

५. प्रयोगात्मक परीक्षा सम्वन्धित शिक्षण संस्थामा नै संचालन हुने भएकाले सोको परीक्षा तालिका सम्वन्धित प्रदेश कार्यालयबाट स्वीकृत गराई संचालन गर्नुपर्नेछ।

६. आवेदन फाराम व्यक्तिगत रुपमा बुझिने छैन। उक्त फाराम सम्वन्धित शिक्षण संस्था मार्फत बुझाउनु पर्नेछ।

७. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षाको आवेदन फारामहरु **मिति २०८२ साल माघ १५-२९ गते भित्र नियमित शुल्कमा र २०८२ साल फागुन १-७ गते भित्र विलम्व शुल्कमा** परीक्षा आवेदन फाराम परिषद्का सम्वन्धित प्रदेश कार्यालयहरुमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ। म्याद नाघी प्राप्त भएका आवेदन फारामहरु माथी कुनै पनि कारवाही हुने छैन।

८. शिक्षालयले परीक्षा आवेदन शुल्क बैंक दाखिला गर्ने नियमित शुल्कको अन्तिम मिति २०८२।११।०१ गते र बिलम्ब शुल्कको बैंक दाखिला गर्ने अन्तिम मिति २०८२।०११।०८ गते र सोही दिन शिक्षालयले ITMS Online मा बैंक भौचर Upload गर्नुपर्नेछ।

९. शिक्षण संस्थाहरुले सम्बन्धित परिषद, प्रदेश कार्यालयको देहायको बैंक खातामा रकम जम्मा गर्नुपर्नेछ :

| क्र.सं | प्रदेश कार्यालय | बैंक खाताको नाम | बैंकको नाम र शाखा | बैंक खाताको प्रकार | बैंक खाता नं |
|---|---|---|---|---|---|
| १. | प्रा.शि.व्या.ता.परिषद्, कोशी प्रदेश कार्यालय, ईटहरी, सुनसरी | CTEVT Koshi Province Office | Rastriya Banijya Bank Ltd Itahari, Sunsari Branch | Current Account | 2550100001278001 |
| २. | प्रा.शि.व्या.ता.परिषद्, मधेश प्रदेश कार्यालय, जनकपुर, धनुषा | CTEVT Province/2 | Rastriya Banijya Bank Ltd Pidarichowk, Janakpur Branch | Current Account | 1520100002639001 |
| ३. | प्रा.शि.व्या.ता.परिषद्, बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौडा | CTEVT Bagmati Province Office | Rastriya Banijya Bank Ltd Hetauda Branch | Current Account | 1300100003669001 |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | प्रा.शि.व्या.ता.परिषद्, गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्की | Prabidhik Sikchaya Tatha Byabasayik | Rastriya Banijya Bank Ltd Pardi, Pokhara Branch | Current Account | 3500100000234001 |
| ५. | प्रा.शि.व्या.ता.परिषद्, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देही | CTEVT Province-5 Aarjan | Rastriya Banijya Bank Ltd Rajmarg Chauraha, Butwal Branch | Current Account | 3360100000361001 |
| ६ | प्रा.शि.व्या.ता.परिषद्, कर्णाली प्रदेश कार्यालय, बिरेन्द्रनगर, सुर्खेत | Prabidik Si. Bya. Ta. Kar. Pra (Aarjan) | Rastriya Banijya Bank Ltd Surkhet Branch | Current Account | 4080100015528001 |
| ७. | प्रा.शि.व्या.ता.परिषद्, सुदुर पश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली | CTEVT Sudurpaschim Province Office (Aarjan) | Rastriya Banijya Bank Ltd Dhangadi Branch | Current Account | 4170100006508001 |

शुल्क जम्मा गरेको सक्कल बैंक भौचर परीक्षा आवेदन फाराम साथ संलग्न गर्नु पर्नेछ ।

१०. कुनै कारणले शिक्षण संस्था बन्द भएको भए सम्वन्धित परिषद्, प्रदेश कार्यालयमा बिद्यार्थीले शर्तमा उल्लेखित प्रक्रिया गरी परीक्षा आवेदन फाराम बुझाउनु पर्नेछ ।

११. अन्य विस्तृत जानकारीको लागि www.ctevtexam.org.np र परिषद्का प्रदेश कार्यालयहरु वा परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा सम्पर्क राख्नुहोला ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**